२२

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, असार १४ गते २०३९ साल (अतिरिक्ताङ्क १२ (क)

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले राष्ट्र ऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्र ऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्र ऋण उठाउन ऋणपत्र निष्काशित गर्न यो सूचना प्रकाशित गरेको छ ।

सो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, ब्याजको दर, ब्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. ऋणको नाम: यस ऋणको नाम "विकास ऋण २०४८" रहेको छ ।

२. ऋणको उद्देश्य: बिभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. निष्काशित ऋणको रकम: यो ऋणको जम्मा रकम रु. १५,००,००,०००।– (रु. पन्ध्र करोड) मात्रको हुनेछ ।

४. ऋणको व्ययभार: यो ऋणको व्ययभार श्री ५ को सरकारको संचित कोषप्रति हुनेछ ।

९६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. ऋणको प्रकारः यो ऋणको ऋणपत्र कम्तीमा रू. २५।– वा २५।– को गुणनफल (Multiple) ले भाग गर्दा निःशेष हुने अङ्कको स्टक वा २५।–, ५०।–, १००।–, १,०००।–, १०,०००।–, वा १,००,०००।– दरको प्रमिशरी नोटको रूपमा लिन पाउनेछ ।

६. ऋणपत्रको बिक्री अवधिः यी ऋणपत्रहरूको बिक्री अवधि २०३९ साल आषाढ १४ गतेदेखि २८ गतेसम्मको हुनेछ तर आवश्यक देखिएमा सो समय-अगावै पनि बिक्री बन्द गर्न सकिनेछ ।

७. ऋणपत्रको बिक्री मूल्यः ऋणपत्रमा उल्लेख गरे बमोजिम पूरापुर मूल्यमा ऋणपत्रहरू बिक्री हुनेछन् ।

८. ऋणपत्र खरीद गर्न दरखास्त दिनु पर्नेः

(१) ऋणपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैंङ्कले तोकिदिएको ढाँचामा राष्ट्र बैङ्क वा त्यसको एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरीद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्तसाथै पेश गर्नु पर्नेछ ।

(३) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकारः चाहिएको भन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१०. बाँडफाँड गर्ने अधिकारः प्राप्त ऋणपत्रहरूको बाँडफाँड गर्ने अधिकार राष्ट्र बैङ्कलाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुनेः स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैङ्कबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ । यसरी फिर्ता भएको रकममा ब्याज दिइनेछैन ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिनेः स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको माग अनुसार दिइनेछ । दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टकको रूपमा दिइनेछ ।

१३. ऋणको ब्याजः ऋणको ब्याज राष्ट्र बैङ्क वा सो बैङ्कको एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयले रकम बुझेर लिएको मितिदेखि नै वार्षिक सयकडा १०$\frac{१}{२}$ का दरले दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।